Pragyan Volume : 8, Issue : 1, 2081, ISSN : 2661-6068
DOI: https://doi.org/10.3126/pragyan.v8i1.67662

# पाल्पाली स्रष्टाका उपन्यासमा साइबरप्रयोग

डा. शंकरप्रसाद गैरे
उपप्राध्यापक
त्रिभुवन बहुमुखी क्याम्पस पाल्पा
gaireshankar2012@gmail.com

**लेखसार**

*प्रस्तुत लेख पाल्पाली स्रष्टाहरूद्वारा लेखिएका उपन्यासहरूमध्ये साइबरको प्रभावमा केन्द्रित रहेर लेखिएका उपन्यासहरूको अध्ययनमा केन्द्रित रहेको छ । साइबर आफैमा सिद्धान्त नभए पनि साइबर सभ्यताको विकास भएपछि त्यसको प्रभाव साहित्यमा देखिन थाल्यो । अतः उत्तरआधुनिक बहुलवादी समालोचनामा साइबरबाट प्रभावित साहित्यिक रचनाको अध्ययनका निम्ति साइबर समालोचनाको अवधारणा विकसित भएको देखिन्छ । २००६ सालबाट पाल्पाली स्रष्टाहरूले उपन्यास लेखनको आरम्भ गरेको देखिन्छ । यस क्रममा पछिल्लो दशकका उपन्यासकारहरू सीता विष्ट कार्की (सीविका)को सँघार नाघेको उज्यालो, र शिव बस्यालको बिस्मिता उपन्यासमा साइबरको विशेष प्रयोग भएको पाइन्छ भने नीलम कार्की निहारिकाद्वारा लेखिएको अर्की आइमाई उपन्यासमा पनि साइबर विषयको प्रयोग भएको पाइन्छ । प्रस्तुत लेखमा साइबरको प्रयोगलाई विषय बनाइएका पाल्पाली स्रष्टाका उपन्यासहरूलाई मुख्य स्रोत बनाई साइबर सिद्धान्तका सापेक्षमा तिनको अध्यनय गरिएको छ । अतः गुणात्मक अध्ययनअन्तर्गत सर्वेक्षणात्मक, पहिचानात्मक अध्ययन विधिका साथै मूलतः विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ । पाल्पाली उपन्यासकारहरूमध्ये कुनकुन उपन्यासकारले आफ्ना कुनकुन उपन्यासमा साइबरको प्रयोग गरेका छन् भन्ने मुख्य समस्यामा केन्द्रित रहेर साइबर सिद्धान्तका सापेक्षमा तिनको विश्लेषण गरी पाल्पाली उपन्यासकारका उपन्यासमध्ये मुख्यतः दुई उपन्यास सँघार नाघेको उज्यालो र बिस्मिता साइबर सभ्यताको प्रस्तुतिका दृष्टिले महत्त्वपूर्ण रहेको र अर्की आइमाई उपन्यासमा साइबरको आंशिक प्रयोग भएको विषयलाई यस अध्ययनमा निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** च्याट, साइबर अपराध, साइबर विडो, साइबर साहित्य, साइबर सेक्स ।

## विषयपरिचय

प्रस्तुत समालोचनात्मक लेखमा पाल्पामा जन्मिएका स्रष्टाहरूलाई पाल्पाली स्रष्टा मानेर ती स्रष्टाहरूमध्ये उपन्यास लेखनमा लागेका स्रष्टाहरूमध्ये साइबरलाई उपन्यासको विषय बनाएका स्रष्टाका उपन्यासहरू चयन गरी तिनको साइबरसिद्धान्तका सापेक्षमा विश्लेषण गरिएको छ । नेपालका सतहत्तर जिल्लामध्येको पाल्पा साहित्यका दृष्टिले उर्वर जिल्ला मानिन्छ । पाल्पाली साहित्यमा उपन्यास लेखन परम्परालाई हेर्दा डायमनशमशेर राणाले २००६ सालमा लेखेको *वसन्ती* उपन्यास पहिलो देखिन्छ । त्यसपछि क्रमशः पवनकुमारीदेवी, ऋषिकेशवराज रेग्मी, भागीरथी श्रेष्ठ, शिवभक्त शर्मा, नीलम कार्की निहारिका, अशोकमान सिं, टीकाराम पाण्डे, शिशिर थापा, पुष्कर अथक रेग्मी, प्रकाश बस्याल, शुभ श्रेष्ठ, जगतबहादुर जोशी, बी.के. पाल्पाली, रामचन्द्र भट्टराई, विष्णुबहादुर अर्याल, चक्रव्यूह थापा, कमला देवकोटा, दुर्गा ढँगा, रमेश गौतम 'पाल्पाली', कृष्णप्रसाद कोइराला, रजिउल्लाह मिया, गंगा लिगल, सीता विष्ट कार्की (सीविका), रोहित ज्ञवाली, शंकरप्रसाद गैरे, बिजु पछाइँ खाती, तिलक नेपाली, तुम्ला लाकौल शाह, शिव बस्यालजस्ता करिब तीन दर्जन स्रष्टाहरूले उपन्यास लेखेको पाइन्छ । ती स्रष्टाहरूका कृतिहरू विषयगत तथा प्रवृत्तिगत दृष्टिकोणले विविधतायुक्त छन् । पछिल्लो समयका केही स्रष्टाहरूका उपन्यासमा उत्तरआधुनिक साहित्यको प्रभाव पाइन्छ । यसप्रकारको उत्तरआधुनिक प्रभावमध्ये साइबर सभ्यताको प्रभावलाई आत्मसात गरेर समेत उपन्यास लेखन भएको पाइन्छ । यसप्रकारका कृतिहरूमा नीलम कार्की निहारिकाको *अर्की आइमाई,* सीता विष्ट कार्की (सीविका)को *सँघार नाघेको उज्यालो,* शिव बस्यालको *बिस्मिता* साइबर आख्यानका रूपमा महत्त्वपूर्ण देखिन्छन् । प्रस्तुत लेखमा साइबर समालोचनाका सापेक्षमा उपर्युक्त निर्धारित कृतिहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ । साइबर साहित्यमा एकातिर साइबर सञ्जालका माध्यमबाट प्रसारण भएका रचना पर्दछन् भने अर्कातर्फ सिर्जनामा साइबरको प्रयोग सन्दर्भलाई उल्लेख गरिएका रचना पर्दछन् । यस लेखमा साइबरलाई विषय बनाइएका उपन्यासहरूको अध्ययन गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा भूगोललाई सीमाङ्कनको आधार तुल्याई पाल्पा जिल्लासँग सम्बद्ध रहेका नेपाली भाषी उपन्यासकारमध्ये साइबरसभ्यतालाई आफ्नो उपन्यासको विषय बनाएका उपन्यासकारका उपन्यासहरूको अध्ययन गरिएको छ । यस अनुसन्धानमूलक लेखमा सर्वेक्षणात्मक विधिको प्रयोग गरी साइबर सभ्यताको प्रयोग गरिएका उपन्यासहरूको पहिचान गरी ती उपन्यासहरूलाई मुख्य स्रोत सामग्री तुल्याइएको छ । पुस्तकालयीय अध्ययनअन्तर्गत द्वितीय स्रोत सामग्रीको प्रयोग गरी सैद्धान्तिक अवधारणा तयार पारिएको छ । गुणात्मक अध्ययनअन्तर्गत व्याख्यात्मक, विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ । अतः सर्वेक्षण व्याख्यात्मक र विश्लेषण विधिको प्रयोगद्वारा अध्ययनलाई सम्पन्न गरिएको छ ।

## साइबर समालोचनाको सैद्धान्तिक पर्याधार

साइबर साहित्य र साइबर समालोचना नवीन अवधारणा मानिन्छ । साहित्य सिर्जना तथा समालोचनाका क्षेत्रमा पछिल्लो समयमा देखापरेको समालोचनालाई बहुलवादी उत्तरआधुनिक समालोचना भनिन्छ । त्यही बहुलवादी समालोचनामध्येको एउटा महत्त्वपूर्ण सैद्धान्तिक दृष्टिकोणका रूपमा साइबर देखापरेको छ । साइबर सिर्जना समालोचनासँग सम्बन्धित छ । यससँग सम्बद्ध समालोचनात्मक

दृष्टिकोणलाई साइबर समालोचना भनिन्छ । सभ्यताकै रूपमा विकसित साइबरसंस्कृतिलाई प्रविधिसंस्कृति पनि भन्ने गरेको पाइन्छ (गौतम, २०६७, पृ. ३९२) । साइबर यसकै प्रभावमा विकसित समालोचनात्मक विधि हो । साइबर समालोचना कुनै दर्शन वा दृष्टिकोणको प्रभावमा विकसित सिद्धान्त होइन । सूचना प्रविधिका क्षेत्रमा उत्तरोत्तर प्रगति हुँदै गएपछि त्यसको प्रत्यक्ष प्रभाव मानवसभ्यतामा परेको देखिन्छ । विशेषतः रेडियो, टेलिभिजन, क्यासेट, मोबाइल, भिडियो, सिनेमाघर, टेलिफोन, कम्प्युटर, नेट, बेवसाइड, फेसबुकजस्ता सञ्चारका साधनहरूको विकासले एकातिर विश्वको भूगोललाई साँघुरो तुल्याएको देखिन्छ भने अर्कोतर्फ यसको प्रभावले मान्छेको जीवनशैलीमा व्यापक परिवर्तन भएको पाइन्छ । साइबरको विकासले मानिसको जीवनमा देखापरेको परिवर्तन नै साइबर सभ्यता हो (गैरे, २०७९, पृ. ३५) । साइबरको तीव्र विकास भएपछि त्यसले विश्वमै आफ्नो गहिरो प्रभाव पारेको देखिन्छ । साइबरले प्रभाव पारेको वा साइबरबाट परिचालित भएको क्षेत्रलाई सइबरजगत भनिन्छ । सभ्यता, संस्कृति, रहनसहन, भाषा, भेषभूषा, आदि सबै क्षेत्रमा साइबरले प्रभाव पार्न थालेपछि यसको प्रभाव साहित्यमा पनि देखिन थालेको पाइन्छ । साहित्यका क्षेत्रमा यसको प्रभाव मूलतः दुईप्रकारको देखिन्छ । एकातिर स्रष्टाहरूले विभिन्न साइबरमाध्यमबाट आफ्ना सिर्जनाहरू प्रकाशित प्रसारित गरेको देखिन्छ । यसअन्तर्गत अनलाइन पत्रपत्रिका, पुस्तकहरूदेखि लिएर फेसबुक, ट्युटर, मेसेन्जर, आदि माध्यमबाट आफ्ना रचना पाठकसम्म पुऱ्याइरहेका हुन्छन् । यसरी साइबरका माध्यमबाट साहित्यकारको रूपमा आफ्नो परिचय बनाएका स्रष्टालाई साइबर स्रष्टा भनिन्छ । अर्कोतर्फ आफ्ना सिर्जना (कविता, कथा, उपन्यास, निबन्ध, नाटक) आदिको विषय नै साइबरलाई बनाएको पाइन्छ । अर्थात् पहिलोमा साइबर साहित्य सम्प्रेषणको माध्यम बन्दछ भने दोस्रोमा विषय बन्दछ (अधिकारी, २०७९, पृ. १८८) । बहुप्रचलित मोबाइल, फेसबुक आदि पाठकका निम्ति सहज बोधगम्य साइबरअन्तर्गत पर्दछ भने साइबरको मानवमस्तिष्कमा इलेक्ट्रोनिक मेमोरी राख्नेजस्ता सैद्धान्तिक र प्राविधिक पक्षलाई जटिल साइबर प्रयोग मान्न सकिन्छ (भट्टराई, २०६४, पृ. ७५) । फेसबुक आदि साइबरबाट प्रभावित व्यक्ति, परिवार, समाजको प्रस्तुति साइबरमाध्यमबाट नै परिचित हुन पुगेका युवायुवतीको सम्बन्ध, साइबरलाई प्रयोग गरेर गरिने चरित्रहत्या, लगायतका अपराधहरू यसका विषय बन्दछन् । यसप्रकारका कृति वा रचनाहरू मुद्रित नै भए पनि तिनलाई साइबर साहित्यका रूपमा चिनिन्छ । मोहनराज शर्माले साइबरको आख्यानसँग विशेष सम्बन्ध रहने बताएका छन् । उनका विचारमा "साइबर साहित्य शब्दले मुख्यतः यस्तै कथानक भएको कथा वा उपन्यासका रूपमा रचित साइबरआख्यानलाई बुझाउँछ" (२०७८, पृ. ५६) । यसप्रकारका रचनाहरू मूलतः रचनासँगको साइबरसम्बन्धमा केन्द्रित रहेर गरिने अध्ययन अनुसन्धान र समालोचना साइबर समालोचनाको विषय बन्दछ ।

साइबर शब्दले कम्प्युटरद्वारा सञ्चालित साञ्चारिक सञ्जाललाई जनाउँछ (भट्टराई, २०६४, पृ. ७६) । यसअन्तर्गत मोबाइल, इमेल, एस्एम्एस्, इन्टरनेट आदिको प्रयोग हुन्छ । दोस्रो विश्वयुद्धपछि सूचना तथा सञ्चारका क्षेत्रमा विज्ञानले गरेको तीव्र र उच्चतम प्रविधिको विकासको परिणाम मानिएको साइबर संस्कृति (पौड्याल, २०७०, पृ. १४२) ले मानव जीवनका सबैजसो क्षेत्रमा प्रभाव पारेको देखिन्छ । यसको विकाससँगै यससँग सम्बद्ध पदपदावलीहरूको समेत विकास हुन पुगेको देखिन्छ । आइटी, वेव पेज, वेवसाइड, च्याट, ब्राउजर, साइबर स्पेस, हाइपर टेक्स, हाइपर मिडिया, हाइपर लिङ्क, होम पेज, साइबर पङ्क, साइबर क्याफे, साइबर विडो, साइबर यौन, साइबर देह (अधिकारी, २०७४, पृ. ६-११) आदि अनेक शब्दहरू प्रचलनमा

आएको देखिन्छ । साइबर सभ्यता र संस्कृति हुँदै यसले साहित्यसिर्जनामा व्यापक प्रभाव पार्न थालेपछि त्यसको अध्ययनका निम्ति विकसित समालोचनात्मक अवधारणा नै साइबर समालोचना हो । साहित्यसँग जोडिएर गरिएको प्रविधिको प्रयोग, प्रविधिसंस्कृतिअन्तर्गत पर्ने भर्चुअल रियालिटी, परोक्ष समुदायको अध्ययनजस्ता विषयसँग समालोचना साइबर समालोचनाका रूपमा परिचित छ (गिलिज, सन् २००७, पृ. २०१) साइबरसँग जोडिएका अनेक पक्षहरू प्रत्यक्षपरोक्ष रूपमा साहित्यसँग पनि जोडिन आएको पाइन्छ । यस लेखमा साइबरसँग जोडिएको साहित्यमध्ये साइबर नै साहित्यको विषय बनेको र रचनामा साइबरले पारेको प्रभावले घटनाको विकासमा भएका विकासको सन्दर्भलाई विश्लेष्य विषयका रूपमा चयन गरिएको छ ।

## विमर्श र नतिजा

प्रस्तुत लेखमा पाल्पामा जन्मिएर नेपाली उपन्यासको विकासमा योगदान दिएका स्रष्टाहरूमध्ये साइबरजगतलाई आफ्नो उपन्यासको विषय बनाएका कृतिहरूलाई विश्लेषणको रूपमा चयन गरिएको छ । २००६ सालदेखि हालसम्मको करिब पचहत्तर वर्ष लामो पाल्पाली उपन्यास लेखनको इतिहासमा करिब तीन दर्जन स्रष्टा र तिनका करिब छ दर्जन औपन्यासिक कृति प्रकाशित रहेको देखिन्छ । ती उपन्यासकारका औपन्यासिक कृतिहरूलाई अध्ययन गर्दा २०७० सालमा प्रकाशित नीलम कार्की निहारिकाको *अर्की आइमाई,* २०७३ सालमा प्रकाशित सीता विष्ट कार्की (सीविका)को *सँघार नाघेको उल्यालो* र २०७५ मा प्रकाशित शिव बस्यालको *बिस्मिता* उपन्यास साइबर सिर्जनाका दृष्टिले महत्त्वपूर्ण देखापर्दछन् । अतः यहाँ कृतिको प्रकाशन क्रमलाई आधार बनाएर उपर्युक्त कृतिहरूलाई साइबरसमालोचनाका आधारमा विश्लेषण गरिएको छ ।

### *अर्की आइमाई* उपन्यासमा साइबरप्रयोग

नीलम कार्की निहारिका (२०३१, माथागढी, ५ झडेवा पाल्पा) द्वारा लेखिएको *अर्की आइमाई* उपन्यासमा साइर केन्द्रीय कथ्यका रूपमा प्रस्तुत नभएर निश्चित एउटा प्रसङ्गका रूपमा प्रस्तुत भएको पाइन्छ । उपन्यासमा अमेरिकामा बस्ने सुवर्णले दुई छोराछोरीसितकी विदेशी श्रीमतीलाई वैचारिक बेमेलका कारण छोडपत्र गरेपछि अवैतनिक कामदार र यौनदासी बनाउने स्वार्थवस नेपालको ग्रामीण गरिब परिवारकी तारालाई बिहे गरेर अमेरिका लैजान्छ । सुवर्णसँग बिहे गरेर बुहारी, श्रीमती तथा आमा हुनुको अनुभव गर्न नपाए पनि तारा अर्थात् तरु बिस्तारै अमेरिकाको सभ्यतामा अभ्यस्त हुँदै जान्छे । पूर्वपत्नी इभालाई कागजी रूपमा सम्बन्ध बिच्छेद गरे पनि निरन्तर भेट्ने गरेको सुवर्णले पुनः इभालाई नै पत्नीका रूपमा घरमा भित्र्याउने भएपछि तरुसँग सम्बन्ध विच्छेद गर्नु आवश्यक हुन्छ र उसलाई पर्याप्त धन र काठमाडौँको घर दिएर अलग गर्ने सोँच बनाउँछ । फेसबुक कम प्रयोग गर्ने तरुले काठमाडौँमा भएका बेला केही विशेष खबर छ कि भनेर इमेल चेक गरेको प्रसङ्गसँगै विकसित घटना नै उपन्यासमा साइबरसँग सम्बन्धित घटनाका रूपमा देखापरेको पाइन्छ । यो प्रसङ्ग उपन्यासमा किन महत्त्वपूर्ण देखिन आउँछ भने सुवर्ण र तरुको सम्बन्ध विच्छेदको खर थाहा पाएपछि अमेरिकामा मित्र बनेको श्रीमती र सन्तान सहितको डा. आसुतोष तरुसँग बिहे गर्न चाहन्छ भने तरुको नन्देभाइसमेत ऊसँग बिहे गर्न चाहन्छ । त्यतिमात्र नभएर तरु अमेरिकामा रहँदा लामो समयदेखि दिदी मानेर टीका लगाउँदै आएको भाइ राजीवले इमेलमार्फत पठाएको पत्र महत्त्वपूर्ण देखिन्छ । तरु र राजीवको सम्बन्धलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ “उही राजीव भाइ जसलाई मैले तिहारमा सप्तरङ्गी टीका लगाइदिने गरेकी थिएँ । उसले दिदी भनी खुट्टामा ढोग्ने गरेको थियो । जसको

अनुहारमा वर्षौं नदेखेको आफ्नो भाइ खोज्ने गर्थें” (२०७०, पृ. १९९) । यस प्रसङ्गले भाइको रूपमा राजीवप्रतिको तरुको आस्था देखिन्छ भने त्यही भाइ राजीव तरु र सुवर्णबीच सम्बन्ध विच्छेदको कुरा थाहा पाएर इमेलमा पत्राचार गरी आफूलाई अमेरिकाको पिआर पाउने माध्यमका रूपमा कागजी बिहेको आग्रह गर्छ । प्रस्तुत प्रसङ्ग मूलतः अमेरिकामा बस्दै आएका नेपालीहरूको सांस्कृतिक विचलन र नैतिक पतनको अभिव्यक्तिसँग सम्बद्ध देखिन्छ तापनि यसको प्रस्तुतिको माध्यमका रूपमा इमेलमा पत्राचार गरिनु र त्यसका निम्ति कम्प्युटर, मेसेजबक्स, अनलाइन, च्याट, कमेन्ट, फेसबुक, किबोर्डजस्ता साइबरसम्बद्ध शब्दहरूको प्रयोगले उपन्यासमा आंशिक रूपमै भए पनि साइबरसंस्कृतिको उपयोग भएको पाइन्छ । अतः साइबर संस्कृतिको प्रयोगका दृष्टिले *अर्की आइमाई* पहिलो पाल्पाली उपन्यासका रूपमा देखापरेको छ ।

### ***सँघार नाघेको उज्यालो* उपन्यासमा साइबरप्रयोग**

*सँघार नाघेको उज्यालो* सीता बिष्ट कार्की (सीबिका) (रिब्दीकोट-७, डबका, पाल्पा) द्वारा लेखिएको उपन्यास हो । २०७३ सालमा प्रकाशित लघु आकारको प्रस्तुत उपन्यासले मूलतः साइबर सभ्यताको विकासले मान्छेका परिवारमा देखापरेको विखण्डन, साइबर कुलत र यसबाट हुने/हुनसक्ने दुर्घटनाप्रति सङ्केत गरेको पाइन्छ । प्रस्तुत उपन्यासको कथानकीय विकास नै पात्रमा साइबर प्रयोगले पारेको प्रभावबाट हुनु, आफैलाई साथ दिने र सहयोग गर्नेहरूप्रति कृतघ्न तुल्याउनुका साथै सुन्दर र सुखी परिवारलाई भताभुङ्ग तुल्याउनेसम्मका घटनाहरूको विकास भएको पाइन्छ । साइबर कुलतका कारण आफ्नो सामाजिक प्रतिष्ठाको पनि ख्याल नगर्ने र आलोचित हुनुपर्ने अवस्थालाई प्रस्तुत गरिएको पाइन्छ । उपन्यासमा एकातिर साइबरजगतसँग सम्बन्धित पद पदावलीहरूको प्रयोग पाइन्छ साथै त्यसैका केन्द्रीयतामा विकसित घटनाका कारण उपन्यास साइबर प्रयोगको महत्त्वपूर्ण कृतिका रूपमा देखापरेको देखिन्छ । उपन्यासमा ल्यापटप, इन्टरनेट, फेसबुक, म्यासेज, भर्च्युल दुनियाँ, मोबाइल, च्याटिङ्ग, च्याट, प्रोफाइल पिक्चर, सामाजिक सञ्जाल, हर्ट सिम्बोल, हाँसेको सिम्बोल, म्यासेज बक्स, माउस, लिङ्क, नेट, सोसल मिडिया, सोसल साइड, साइबर, इन्टरनेट, फाइल डाउनलोड, फेसबुक ब्लक गर्नु जस्ता पदपदावलीहरूको पर्याप्त प्रयोग गरिएको पाइन्छ । उपन्यासमा विभिन्न प्रसङ्ग घटनाहरूमा सान्दर्भिक बनेर प्रयोग भएका यी शब्दहरूले *सँघार नाघेको उज्यालो* साइबर जीवनलाई वा साइबरबाट प्रभावित मानवजीवनलाई प्रस्तुत गरिएको उपन्यास हो भन्ने देखिन्छ ।

दुःखको समयमा पनि हाँसेर साथ दिने सुशील र सोझी पत्नी सलिना तथा जसका कारण आफ्नो जीवनमा भाग्योदय भएको हो भन्ने ठान्दछ त्यस्ती छोरी आशिकासितको सुखी र सुन्दर परिवार भएको सरकारी कार्यालयको हाकिम सुधीर फेसबुक सम्पर्कमा आएकी चञ्चले केटीसँगको च्याटिङको लतमा लागेर बिस्तारै छोरी र पत्नीलाई बेवास्ता गर्न थाल्छ । अफिसको काम छ भनी श्रीमतीलाई झुटो बोलेर ऊ रातभर च्याटिङ गर्छ । प्रारम्भमा आफूले गल्ती गरेको महसुस गर्दै सुधीर भन्छ “श्रीमतीलाई धोका दिएर फेसबुकमा रमिरहेकोमा मैले गल्ती गरेको छु” (कार्की, २०७३, पृ. ३) र पनि ऊ आफूलाई सच्याउने प्रयत्न गर्दैन । एकातिर छोरी जन्मिएपछि भाग्योदय भएको कुरा स्वीकार गर्दै “... मलाई के थाहा उनको जन्म त मेरो भाग्य उदयको लागि रहेछ । उनी जन्मिएको महिना दिन नपुग्दै मेरो जागिर भयो त्यो पनि कार्यालय प्रमुखको रूपमा” (कार्की, २०७३, पृ. ११) भन्छ । अर्कोतर्फ फेसबुकको कुलतका विषयमा ऊ भन्छ “फेसबुकको लतले म जस्तो शिक्षित मान्छेलाई पनि भ्रमित तुल्याउदो रहेछ, पगाल्दो रहेछ” (कार्की, २०७३, पृ. १२) र पनि ऊ सच्चिनुको साटो झन्झन् च्याटिङको लतमा रमाउन थाल्छ । छोरीप्रतिका जिम्मेवारी र

प्रेम सबै त्यागेर अपरिचित फेसबुककी साथी चञ्चले केटीप्रति आशक्त हुँदै जान्छ । उक्त युवती १० र ८ वर्षका दुई छोराकी आमा हो, लोग्ने इन्स्पेक्टर हो भन्ने थाहा पाएको सुधीर साइबर बिडो (अधिकारी, २०७४, पृ. १०) का रूपमा देखापरेको छ । ऊ केटीको फोटोसम्म नहेरी उसप्रति लिप्त हुँदै जान्छ । अफिसमै ढोका बन्द गरेर च्याट गर्ने र घरमा अफिसियल काम छ भन्ने बहाना पारी नगरकोट होटलमा गई रातभर च्याट गर्ने काम गर्छ । सेमिनारको लागि सौराहा पुगेको सुधीर कार्यपत्र तयारसम्म नपारेर च्याट गर्न खोज्छ भने च्याट गर्न नपाएको झोकमा रक्सी पिएर कार्यपत्र प्रस्तुत गर्ने दिन अचेत भई दिनभरि सुत्छ । युवतीले सुधीरको फोटो हेर्छे तर आफ्नो देखाउँदिन ।

सुधीरसँग च्याट गर्ने युवती जसलाई सुधीर चञ्चले केटी भन्छ, उसको वास्तविक नाम सुविना हुन्छ । गरिब परिवारमा जन्मिएकी र बेलैमाथि लोग्नेको निधन भएपछि परिवारले सम्पत्ति दिनुपर्छ भन्ने डरले मार्ने प्रयत्न गरेपछि प्रहरी कार्यालय पुगेकी हुन्छे । इन्स्पेक्टर सम्राट थापाले सुविनालाई यातना दिनेहरूलाई कार्वाही गरी उसलाई अपनाउँछ र पत्नी बनाउँछ । सम्राटबाट दुई छोराकी आमा बनेकी सुविना र सुधीर आफ्नो परिवार त्यागेर एकअर्कासँग बिहे गर्न तयार हुन्छन् । त्यसकारण दुवै पात्र साइबर बिडोका रूपमा देखिएका छन् । उनीहरूलाई यस तहमा पुऱ्याउने मुख्य भूमिका साइबरको भएकाले उनीहरूको यो सम्बन्ध साइबर विचलनका रूपमा देखापर्दछ । यस उपन्यासमा उनीहरूले गरेका लामालामा साइबरसंवाद र प्रतिक्रियामा प्रस्तुत गरेका विभिन्न इमोजी (चिह्न) को समेत प्रयोग पाइन्छ । सुधीर र सुविनाको जीवनमा साइबरकै माध्यमबाट विकसित भएको यसप्रकारको सम्बन्ध साइबर सूचनाबाट नै अन्त्य भएको देखिन्छ । अफिसियल मिटिङका लागि धनगढी गएको बेला आन्दोलनकारीले आक्रमण गर्दा सञ्चार अवरुद्ध भएपछि पाँचदिनसम्म सम्पर्कमा आउन नसकेको सुधीर घरमा आएर ल्यापटप खोल्दा सुविनाका अन्य म्यासेज पाउँदैन । एउटा वर्डफाइल भेटाउँछ । जसमा सुविनाले आफ्नो कान्छो छोरा र सुधीरकी छोरी एउटै स्कुलमा पढ्ने साथी भएको, छोरी एकदिन सुविनाको घरमा गएको र किताबमा टाँसिएको पारिवारिक फोटोबाट सुधीरकी श्रीमती सलिना सम्राटकी मामाकी छोरी भएको थाहा पाएको कुरा उल्लेख गरेकी हुन्छे । यस घटनाका माध्यमबाट फेसबुक वालमा आफ्नो फोटो नराख्ने र राखे नै पनि पारिवारिक सम्बन्धबाट अपरिचित युवायुवती, नारीपुरुष फेसबुक च्याट आदिबाटै एकअर्काप्रति प्रभावित हुने र त्यसैका आधारमा सम्बन्ध स्थापित गर्न चाहने वा पुग्ने गरेको विषयप्रति उपन्यासले सङ्केत गरेको पाइन्छ । यस प्रकारको सम्बन्धका कारण कहिलेकाहीँ हाम्रो संस्कार र संस्कृतिले निषेध गरेका सम्बन्ध स्थापित हुन सक्ने र त्यसले जीवनमा दुर्घटना निम्त्याउने सम्भावना रहने कुराप्रति सङ्केत गरेको पाइन्छ । यस प्रकार प्रस्तुत उपन्यासले फेसबुक च्याटबाट सम्पर्कमा आई नजिकिन पुगेका तर यथार्थमा भेट नभएका एक अर्काको वास्तविकतालाई नबुझेका पुरुषस्त्री आफ्नो खुसी परिवार र दुःखमा साथ दिनेहरूलाई त्याग्न तयार भएको विषयलाई प्रस्तुत गरिएको उपन्यास साइबर दुर्घटनाको प्रस्तुति गरिएको उपन्यासका रूपमा देखिन्छ ।

### *बिस्मिता* उपन्यासमा साइबरप्रयोग

*बिस्मिता* शिव बस्याल (२०३८, तानसेन नगरपालिका- १३, केरवादी, पाल्पा) द्वारा लेखिएको उपन्यास हो । २०७५ सालमा प्रकाशित *बिस्मिता* मूलतः युवाशुलभ प्रेमप्रणयका विषयमा केन्द्रित देखिन्छ । युवायुवतीहरूमा अतिशय भावुकता र त्यही भावुकताका कारण जोडिएका प्रेमसम्बन्धलाई प्रस्तुत गरिएको

उपन्यासले पछिल्लो भूमण्डलीकरणको समयमा सामाजिक सञ्जालबाट सम्पर्कमा आउने र नजिकिने गरेका अनेक घटना दुर्घटनाको प्रतिनिधित्व गरेको पाइन्छ । *बिस्मिता* उपन्यासमा एकअर्काको प्रेममा परेका युवायुवतीको सम्पर्क र सम्बन्धको मुख्य आधार नै साइबर हुनुले उपन्यास साइबर संस्कृतिका दृष्टिले अर्थात् साइबर सभ्यताको प्रयोगका दृष्टिले महत्त्वपूर्ण देखिएको छ । साइबर टाढाकालाई सम्पर्कमा ल्याउने र निकट तुल्याउने महत्त्वपूर्ण माध्यमका रूपमा प्रयोग भएको पाइन्छ । यस उपन्यासमा उपन्यासको नायक युवक शुभम शर्मा मुम्बइमा बस्छ र उपन्यासका नायिकाहरू युटेन र बिस्मिता काठमाडौँमा बस्छन् । दुवै नायिकाको नायकसँगको सम्पर्क सामाजिक सञ्जालमार्फत नै हुन्छ र उनीहरू नजिकिएका छन् । शुभम र युटेनको कहिल्यै पनि भौतिक रूपमा भेटघाटसम्म भएको देखिँदैन र पनि शुभम युटेनसँगको बिछोडमा पागलजस्तै विच्छिप्त हुन पुगेको पाइन्छ । उसलाई साथीहरूले उपचारका निम्ति हस्पिटल पुऱ्याउनुपरेको देखिन्छ । उनीहरूको मिलन र निकटता सामाजिक सञ्जाल अर्थात् साइबरकै माध्यमबाट भएको देखिन्छ । त्यसकारण उपन्यास साइबर संस्कृति अर्थात् सभ्यताको प्रयोगका दृष्टिले महत्त्वपूर्ण देखिन आएको छ । त्यसैगरी नायक शुभम र नायिका बिस्मिताको परिचय र निटकता पनि साइबरमाध्यमबाट नै हुन पुगेको देखिन्छ । उनीहरूका अत्यन्त अन्तरङ्ग सम्वाद, बिस्मितालाई अन्य युवकसँग नजिकिएको देखेर शुभमले ईर्ष्या गर्नु र रिसाउनु तथा एकअर्काबिना बाच्न नसक्ने अवस्थासम्म पुग्नुजस्ता विषय र त्यो सम्बन्धको उत्कर्ष साइबरमाध्यमबाट नै भएको पाइन्छ । अतः उनीहरूबीचको प्रेमसम्बन्धको आरम्भ विकास र उत्कर्ष साइबरमाध्यमबाट हुनुले उपन्यास साइबर प्रयोग र साइबर प्रभावको महत्त्वपूर्ण नमुनाका रूपमा देखिएको मान्न सकिन्छ । शुभम र बिस्मिताको भौतिक भेटघाट बिस्मिताले शुभमलाई छोडेर जानु, छोड्नुको कारण थाहा नहुनु र सबै सम्पर्कका माध्यमलाई बन्द गर्नुजस्ता उपन्यासको अन्त्यमा प्रस्तुत भएका घटनाले गर्दा सामाजिक सञ्जाल नै प्रेमको महत्त्वपूर्ण माध्यम बनेको उपन्यासमा देखाइएको पाइन्छ ।

यसरी *बिस्मिता* उपन्यासको मुख्य कथ्य विषयको माध्यम सामाजिक सञ्जाल अर्थात् फेसबुक, म्यासेन्जर, मोबाइल र ल्यापटप हुनु तथा नायक नायिकाको भेट परिचय र प्रेमको उत्कर्षसम्मका सन्दर्भहरूको माध्यम साइबर हुनुले उपन्यास साइबर आख्यानका रूपमा प्रस्तुत भएको देखिन्छ । स्याङ्जा जिल्ला गल्याङ-५ निवासी शुभम शर्माले मुम्बई युनिवर्सिटीबाट मास्टर गरिरहेको हुन्छ र फुर्सदको बेला अनलाइन मिडियामा काम गर्दछ । 'प्रभासका आवाजहरू' र 'लुकेका प्रतिभाहरू' नामबाट लाइभ इन्टरभ्यु लिने र सोसल नेटवर्कमा पोस्ट गर्ने (बस्याल, २०७५, पृ. २८) शुभम सुनिल थापा मुम्बईमा गएका बेलाको कार्यक्रम सोसल मिडियामा हाल्छ । त्यसका अनेक प्रतिक्रिया आउने क्रममा जोडिन आएकी युटेनसँग ऊ नजिकिन पुग्छ । युटेनको औपन्यासिक प्रवेश यसरी भएको देखिन्छ "तेस्रो दिन नयाँ फेसबुक एकाउन्टबाट म्यासेज आयो हजुरको लाइभ कार्यक्रम हेरेकी थिएँ । धेरै मन पऱ्यो । विशेष त हजुरको आवाज । के म हजुरको साथी बन्न सक्छु ?" (बस्याल, २०७५, पृ. २९) काठमाडौँ घर भएकी एक सन्तानकी आमा विधवा नारीसँग यसरी जोडिन पुगेको शुभम र युटेनबीच गहिरो आत्मीयता हुन्छ र उनीहरू निरन्तर च्याटमा रहन्छन् । लोग्नेको निधनपछि निदको औषधि खानुपर्ने भएकी युटेन र शुभमबीच भिडियो कलसम्म हुन्छ । त्यतिमात्र नभएर उनीहरू बीचमा साइबर सेक्ससम्बन्ध समेत हुन पुगेको विषय उपन्यासमा प्रस्तुत भएको छ ।

> एकदिन यस्तै भिडियो कलमा बोल्दै थियौँ । युटेन भरखर नुहाएर आएकी थिई । कपालबाट झरिरहेको पानी सुकाउँदै टावेलले कपाल झट्काउँदै थिई । उछिट्टिएका ती पानीका चिसा थोपाहरू मोबाइलबाट

बाहिर निस्किँदै आफैलाई छ्यापे पनि हुन्थ्यो जस्तो लाग्थ्यो । मनमा रमाइलो र शरीर तरङ्गीत भइरहेको थियो । ऊ झुक्दा टिसर्टको गलाबाट उसका सेता स्तनका काला निप्पल प्रस्टै देखिएका थिए । आज युटेनले ब्रा लगाएकी रहिनछ ।

'युटेनको आज सबै देखियो' भन्दै जिस्क्याइदिएको मात्र के थिएँ ऊ रिसाएर आफ्नो टिसर्ट नै उतारेकी थिई । (बस्याल, २०७५, पृ. ६८)

युटेनले रिसाएझैँ गरेर जिस्किँदै सुरवाल खोल्दै पेन्टी देखाएको र उत्तेजित बनेको शुभमको स्खलनसम्मका प्रसङ्ग प्रस्तुत हुनुले उपन्यासमा साइबर सेक्सको सन्दर्भ प्रस्तुत भएको मान्न सकिन्छ ।

अट्ठाइस दिनको शुभमसँगको साइबर सम्पर्क र सम्बन्धका कारण युटेन विधवा परिधानबाट शृङ्गार गर्न मन पराउने तथा शुभमकै सल्लाह सुझावमा बिहे गर्न राजी हुने अवस्थामा पुगेकी छ । बिहे गरेपछि युटेनले सारा सम्पर्क माध्यम (फोन, फेसबुकहरू) ब्लक गर्छे भने ऊसँगको वियोगको पीडाले शुभम नसाको लतमा बिग्रन्छ । यतिमै उसको सम्पर्क पुनः काठमाडौँकी अर्की युवती बिस्मितासँग हुन्छ । बागबजारको छात्रावासमा बस्ने गरेकी बिस्मिता युटेनलाई चिन्छे र युटेनका कारण शुभमको हालत थाहा पाएर साइबर सम्पर्कबाटै नजिकिएकी हुन्छे । पुनः उनीहरूबीच निकटता बढ्दै जान्छ । निरन्तर च्याट र भिडियो कलमा जोडिन थाल्दछन् । भौतिक रूपमा नभेटिकनै उनीहरू एकअर्कोबीच बाच्न नसक्ने अवस्थामा पुगेको देखिन्छ । बिस्मिता आफ्नो अफिसियल भ्रमणमा पोखरा जान लाग्दा शुभमको स्वीकृति लिने र आफूसँग एक स्टाफ नजिकिन चाहेकोसम्मका विषयहरू सुनाउँछे । उक्त स्टाफले बिस्मितासँगका फोटा अपलोड गर्दा रिसाएर नबोल्नेसम्मका सम्बन्धले भौतिक रूपमा भेटघाट नगरी साइबर सम्पर्कबाटै घनिष्ट भएका प्रेमीप्रेमिकाका रूपमा उनीहरू उपस्थित छन् । प्रत्यक्ष भेटघाट नभएरै यी दुईका बीचमा समेत साइबरसेक्स सम्बन्ध रहेको विषय उपन्यासमा प्रस्तुत भएको पाइन्छ । भिडियोकलमा बसेका बेलामा एकअर्काका अर्धनग्न शरीरबाट आशक्त भई भएका स्खलनसम्बन्धी उनीहरूको निम्न सम्वादले यस कुरालाई प्रस्तुत गरेको पाइन्छ :

... उसो भए आज बेडसिट धुनुपर्ने भयो होला हैन । त्यसपछि हा हा हा हाँस्दै म्यासेज पठाई ।

'बुझिन । के भन्न खोजेकी । तिम्रा आधा अधुरा कुरा कहाँ सजिलै बुझ्न सकिन्छ र ? म तिमीजस्तो ट्यालेन्ट भएको भए कहाँ पुगिसक्ने थिएँ', लेखेँ ।

'बुद्धु, गएर एकपटक तिमी सुतेको बेडसिट हेर त ?'

साँच्चै नै । उफ्, बेडसिट निकाले र अर्को लगाएँ ।

आफैलाई झन् लाज लाग्यो, 'कसरी थाहा पायौ बिस्मिता ?'

'माया । मायापछिको फिलिङ, अनि फिलिङपछिको हद । त्यहाँमात्र होइन यहाँ पनि भयो जुन तिम्रो तस्बिरले मोहित बनायो ।'

'उसो भए त्यहाँ पनि बेडसिट चेन्ज गर्नुपर्ने भयो हैन ? हा हा हा ।'

'पर्ने होइन गरिसकेँ अब धुन बाँकी छ । (बस्याल, २०७५, पृ. ८३)

बिस्मिता र शुभमबीचको भेटघाटको योजना बनेसँगै उपन्यासमा साइबर सम्बन्धको अन्त्य भएको छ भने उनीहरूबीच भेट भएको अर्कोदिन नै बिस्मिताले सम्पूर्ण सम्पर्क माध्यम ब्लक गरेर हिँड्नुले उपन्यासमा युटेन तथा बिस्मिताको शुभमसँगको सम्बन्ध साइबरमा बलियो देखिएको प्रतीत हुन्छ ।

उपन्यासमा साइबर जगत र जीवनसँग सम्बन्धित प्राविधिक पदपदावलीहरूको समेत पर्याप्त मात्रामा प्रयोग भएको पाइन्छ । त्यस्ता पदपदावली र वाक्यहरूमा सेल्फी लिनेछु र पोस्ट गर्नेछु, लाइभ इन्टरभ्यु, सोसल नेटवर्क, सोसल साइड, फेसबुक एकाउन्टमा अपलोड गरो, सोसल न्युज, फेसबुक लाइभ, भ्यासेज, प्रोफाइल चेक, फ्रेन्ड रिक्वेस्ट, फेक आइडी, अनलाइन, ल्यापटप, मोबाइल, फ्रेन्ड लिस्ट, वाइफाइ कनेक्सन, साइबर, सोसल साइड, फ्यान्स पेज, म्यासेन्जर, स्काइप, भाइबर, इमो, ह्वाट्सएप, फेसबुक एकाउन्ट डिएक्टिवेट, च्याट, नेट, स्टाटस लेख्नु, इन्बक्स, आइडी ब्लक हुनु, तस्विर ट्याग गर्नु, अनफ्रेन्ड, च्याटिङ जस्ता सोसल मिडियासँग सम्बन्ध राख्ने पदपदावली र वाक्यहरूको अत्यधिक प्रयोग भएको पाइन्छ । साइबर संवादका बेला प्रयोग गरिने छोटाछोटा संवादका साथै केही लामा अभिव्यक्तिहरू पनि प्रयोग भएका पाइन्छन् जो साइबर संवादका दृष्टिले अस्वाभाविक मानिन्छन् ।

## निष्कर्ष

नेपाली उपन्यासको विकासमा योगदान दिने पाल्पाली उपन्यासकारहरूमध्ये नीलम कार्की निहारिका, सीता विष्ट कार्की (सीविका) र शिव बस्याल आफ्ना उपन्यासमा साइबर सभ्यता र संस्कृतिलाई प्रयोग गर्ने उपन्यासकारका रूपमा देखापरेका छन् । यी तीन उपन्यासकारमध्ये निहारिकाको *अर्की आइमाई* उपन्यासमा साइबरको आंशिक प्रयोग पाइन्छ । उपन्यासको अन्त्य खण्डमा अमेरिकाबाट नेपालमा गरिएको एउटा इमेलसँगै केही साइबरसंस्कृति सम्बद्ध पदहरू कम्प्युटर, मेसेजबक्स, अनलाइन, च्याट, कमेन्ट, फेसबुक, किबोर्ड जस्ता शब्दहरू प्रयोग भएका छन् । कार्कीको प्रस्तुत उपन्यास साइबरको आंशिक प्रयोग भएको उपन्यास हो । दोस्रो उपन्यास सीता विष्ट कार्की (सीविका)को *सँघार नाघेको उज्यालो* हो । प्रस्तुत उपन्यास मूलतः साइबर सभ्यताको विकासले समाजमा उत्पन्न विकृतिविसङ्गतिसँगै त्यसले मान्छेका जीवनमा र परिवारमा उत्पन्न दुर्घटनाहरूलाई प्रस्तुत गरेको छ । साइबरमा भेट भएकी नारीप्रति आशक्त भएर सुन्दर परिवार र आफ्नो सामाजिक प्रतिष्ठालाई समेत वास्ता नगर्ने पुरुषपात्र (सुधीर) को साइबरलत र आफूलाई हत्या गर्ने षड्यन्त्रमा रहेका परिवारबाट बचाएर विधवा भएकी नारीलाई स्वीकार गरी पत्नी बनाएको लोग्ने इन्स्पेक्टर (सम्राट थापा) तथा छोराहरूलाई लत्याएर साइबरमा सम्पर्क भएको लोग्नेमान्छे सुधीरसँग भाग्न तयार सुविनाको साइबरलत नै उपन्यासको कथा बनेको छ । दुवैका परिवार छन् भन्ने जानेर पनि दुवैजना आआफ्ना परिवारलाई लत्याउन तयार हुने अवस्थामा साइबरले नै पुऱ्याएको छ । सुविनाले फेसबुकमा तस्विरमात्र देखेकी हुन्छे भने सुधीरले सुविनाको तस्विरसम्म पनि देखेको हुँदैन र पनि परिवार त्याग्न तयार हुनुले साइबरको प्रयोगले समाजमा उत्पन्न दुर्घटना र साइबर लतलाई उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासका दुवै पात्र सुधीर र सुविना साइबर बिडोका रूपमा प्रस्तुत भएका छन् । त्यसैगरी शिव बस्यालको *बिस्मिता* उपन्यासमा साइबर माध्यमबाट सम्पर्क हुन आएर घनिष्ट भएका युवायुवतीको कथा र उनीहरूका साइबरसेक्ससम्मका विषयलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा अठ्ठाइस दिनमात्र साइबर सम्पर्कमा रहेकी युटेनले आफ्नै सुझावमा विवाह गरेपछि नायक शुभम उसैको सम्झनामा विक्षिप्त हुन पुगेको छ । उनीहरूको भौतिक भेट कहिल्यै पनि हुँदैन । युटेनसँगको सम्बन्ध टुटेपछि पुनः साइबरबाटै सम्बन्ध स्थापित गरेकी बिस्मितासँगको सम्बन्ध साइबरमा निर्भर रहँदासम्म एकअर्कोबिना बाच्न नसक्ने अवस्थामा पुग्दछन्; परन्तु जब उनीहरूको भौतिक भेट हुन्छ तब एकरातमै फेरि कहिल्यै भेट नहुनेगरी अलग्गिनुले प्रस्तुत उपन्यास साइबरसाहित्यको रूपमा महत्त्वपूर्ण रहेको पुष्टि हुन्छ । तीनवटै उपन्यासमा साइबरको प्रयोग

गरिएको छ । साइबरजगतसँग सम्बद्ध पर्याप्त पद, पदावली, वाक्यांश आदिको उपयोग हुनुजस्ता वैशिष्ट्यले गर्दा उपर्युक्त उपन्यासहरू साइबर आख्यानका महत्त्वपूर्ण नमुना बन्न पुगेका छन् । अतः साइबर जगत, सभ्यता वा संस्कृतिलाई विषय बनाएर साइबरउपन्यासको विकासमा पाल्पाली उपन्यासकारहरू नीलम कार्की निहारिका, सीता विष्ट कार्की (सीविका) र शिव बस्यालको महत्त्वपूर्ण योगदान रहेको छ ।

## सन्दर्भसूची

अधिकारी, ज्ञानु (२०७४). *साइबर सिद्धान्त, प्रयोग र अन्य समालोचना.* साझा प्रकाशन ।

अधिकारी, ज्ञानु (२०७९). 'साइबर समालोचना मान्यता र प्रारूप'. *रत्न बृहत् नेपाली समालोचना भाग ३.* रत्नपुस्तक भण्डार ।

कार्की, नीलम निहारिका (२०७०). *अर्की आइमाई.* शब्दहार क्रियसन्स ।

कार्की, सीता विष्ट (सीविका) (२०७३). *सँघार नाघेको उज्यालो.* परिष्कृत मिडिया ग्रुप ।

गिलिज, स्टेसी (सन् २००७). 'थियरी अफ साइबर राइटिङ'. जुलियन उलफ्रिज (सम्पा.) *साइबर क्रिटिसिज्म इन्ट्रोडक्टिङ क्रिटिसिजम एट द २१ सेन्चुरी.* रावत पब्लिकेसन ।

गैरे, शंकरप्रसाद (२०७९). 'कि त आज घरमा कोही मानिस छैन ? कवितामा साइबर संस्कृति'. *त्रिभुवन जर्नल.* १(१). पृ. ३४-४१ ।

गौतम, लक्ष्मणप्रसाद (२०६७). 'उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप' *भृकुटी* ( पूर्णाङ्क १०, माघ, फागुन, चैत). पृ. ३८४-३९८ ।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* विमर्श नेपाल ।

बस्याल, शिव (२०७५). *बिस्मिता.* इन्डिगो इन्क ।

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* मोडर्न बुक ।

शर्मा, मोहनराज (२०७८). *समालोचनाको नयाँ कोण.* ओरियन्टल पब्लिकेसन ।